मिति २०७६ साल असार ०१ गतेको वीरेन्द्रनगर नगरकार्यपालिकाको ५६ औं बैठकका निर्णयहरु:

निर्णय न १:

नगर कार्यपालिकाको कार्यालयबाट पेश भएको चालु आ.व २०७५।७६ यर्थाथ र आगामी आ.व २०७६।७७ को प्रस्तावित बजेटका सम्बन्धमा चालु आ.व २०७५।७६ को आन्तरिक आय तर्फ प्रस्तावित भन्दा बढि राजश्व संकलन भएको देखिएकोले अर्को बैठकमा चालु आर्थिक वर्षको हाल सम्मको यथार्थ खर्च, संसोधित खर्च अनुमान र आगामी आर्थिक वर्षको व्यय प्रस्ताव सहितको विवरण समेत समेटी कार्यालयले पेश गर्ने गरी बजेट, नीति तथा कार्यक्रम बैठकमा टेबुल गरियो ।

निर्णय न २:

नगरपालिकाको आगामी आर्थिक वर्ष २०७६।७७ को योजना छनौटको मार्गदर्शन अर्को बैठकमा छलफल गर्ने गरी आजको बैठकमा टेबुल गरियो ।

निर्णय न ३:

नगरकार्यपालिकाको पुर्वाधार विकास समितिबाट पेश भएको **"वीरेन्द्रनगर नगरपालीकाको भूमिगत श्रोतको पानी निकाल्न तथा उपयोग गर्न अनुमती पत्र जारी गर्ने सम्वन्धी निर्देशिका २०७६"** निम्नानुसारका मूलभूत व्यवस्था समेट्ने गरी स्वीकृत गरियो ।

निम्न:

- इनार, कुवा, ह्याण्ड पम्म आदि मेसीन प्रयोग नगरी निर्माण गर्दा अनुमति लिनु नपर्ने,
- मेसीन प्रयोग गरी डिप बोरिंग वा ट्युव वेल निर्माण गर्दा जति सुकै गहिराईको भए पनि अनुमति लिनुपर्ने,
- यो निर्देशिका प्रारम्भ हुँदाका बखत अनुमति नलिएर जडान भएका डिप बोरिंगहरुले तीन महिना भित्र यसै कार्यविधि बमोजिम अनुमति प्रक्रियामा आई सूचिकृत हुनुपर्ने,
- यस कार्यविधि बमोजिमका अन्य कागजात तयार गरी वडामा दिएको निवेदन उपर वडाको सिफारिस अनिवार्य गर्ने । यस्तो सिफारिस अनुसार अनुमति प्रदान तथा नियमनको कार्य गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा पूर्वाधार विकास शाखा प्रमुख सदस्य र यो विषय हेर्ने सम्बन्धित शाखाको अधिकृत सदस्य सचिव रहेको एक अनुमति प्रदान प्राविधिक समितिको व्यवस्था गर्ने,
- डिप बोरिंग गर्दा आफ्नो जग्गाको निस्सा संलग्न गर्नुपर्ने वा जग्गा लिजमा लिएको कागजात संलग्न गर्नुपर्ने । यसो गर्दा सडकको भाग छाडेर (सेड ब्याक) मात्र निर्माण गर्नुपर्ने,
- साना तिना विषय वस्तु प्राविधिक समितिले किनारा लगाउने तर जटिल र दीर्घकालीन असर पर्ने विषयहरु कार्यपालिकामा पेश गर्नुपर्ने,
- **अनुमति पत्र दस्तुरको सम्बन्धमा:** **औद्योगिक** प्रयोजनका लागि रु २५०००।-, व्यवशायिक प्रयोजनका लागि रु. २०,०००।-, सामुदायिक प्रयोजन तथा घरायसी प्रयोजनका लागि रु.

वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, सुर्खेत कर्णाली प्रदेश नेपाल २०७४

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

५०००।- कायम गर्ने र वार्षिक नवीकरण दस्तुर सो रकमको पचास प्रतिशत हुने व्यवस्था कायम गर्ने

निर्णय न ४:

चालु आर्थिक वर्षका लागि स्वीकृत योजना तथा कार्यक्रमहरु केही वडाहरुबाट संशोधनका लागी पेश भएको सर्न्दभमा चालु आर्थिक वर्षको अन्त्य सम्ममा कार्य सम्पन्न गरिसक्ने गरी योजना संशोधन गर्ने र सो व्यवस्था अन्य वडाको हकमा समेत लागु गर्ने ।

निर्णय न ५:

मिति २०७५ साल चैत्र १३ गतेका दिन यस कार्यापालीकाको बैठकबाट स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको २३ लाख रुपैया र कार्यालयको १० लाख रुपैयाको टेन्डर गरी विद्युतीकरण गर्ने भनी निर्णय भएको भएता पनि हाल सम्म सो कार्य हुन नसकेकोले सो वडाहरुमा उपभोक्ता समिती मार्फत २०७६ असार मसान्त भित्र कार्य सम्पन्न गर्ने गरि सो कार्यक्रम सञ्चालन गर्ने गरी सम्झौता गर्ने ।

निर्णय न ६:

यस नगरकार्यपालिकाको कार्यालयमा विभिन्न इलेक्टोनिक्स सामग्रीहरु न्यून भोल्टेजको कारण सञ्चालनमा कठिनाई आएकोले ट्रान्सफर्मर सहित थ्रि फेज लाईन जडान गर्नुपर्ने भएकोले विद्युत प्राविधिकरणसँग माग गरिए बमोजिम सो कार्यालयबाट प्राप्त लागत अनुमान रु.१२,६२,०००।- नगरपालिकाको आन्तरिक स्रोत बाट खर्च व्यहोर्ने गरि तत्काल जडान निर्माण कार्य गर्ने ।

निर्णय न ७:

वीरेन्द्रनगरका विभिन्न क्षेत्रमा असिना पानी हावाहुरीले भएको क्षतिको राहतका लागी विभिन्न वडाको सिफारिस सहित निवेदन पेश भएको सर्न्दभमा वातावरण तथा विपद व्यवस्थापन समितीको सिफारिसमा पिडितहरुलाई निम्नानुसार राहत उपलब्ध गराउने ।

निम्न

क. असिना पानी बाट भएको क्षतीबाट बालीमा पुर्‍याएको क्षतिका हकमा सम्बन्धित व्यक्तिलाई क्षति भएको बिउ नगरपालिका बाट नि शुल्क उपलब्ध गराउने ।

ख. हावाहुरी बाट भएको क्षति सम्वन्धमा: क्षति भएको विद्यालयलाई मर्मत सम्भारका लागी रु.२५०००। सम्म, क्षति भएका व्यक्तिको घरबास मर्मतको लागी रु.५०००। सम्म, कृषि क्षेत्रमा भएको क्षतिको हकमा रु.५०००। सम्म उपलब्ध गराउने ।

ग. २०७१ सालका बाढि पिडित मध्ये त्रिपाल जीर्ण भई सीता रोकाया लगायतले नयाँ माग गरेकाको हकमा प्रति परिवार एक वटा त्रिपाल उपलब्ध गराउने ।

निर्णय न ८:

मालपोत कार्यालय सुर्खेतवाट कार्यालय व्यवस्थापनका विभिन्न शिर्षकमा सहयोग माग गरेकोमा हाललाई उक्त कार्यालयको सुरक्षाको लागी यस नगरपालीकाको आन्तरिक स्रोत बाट खर्च गर्ने रु.१ लाख भित्र रहि सि.सि.टि.भी. क्यामरा नगरपालिकाले जडान गरि हस्तान्तरण गर्ने ।

वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, सुर्खेत कर्णाली प्रदेश नेपाल २०७३

टिकाराम [illegible]काल
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

**निर्णय न ९:** प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि यस नगरपालिकामा प्राप्त एक करोड रुपैयाको सन्दर्भमा सो को निर्देशिका मापदण्ड बमोजिम निम्नानुसार खर्च गर्ने:

निम्न:

क) प्रत्येक वडामा पाँच लाख रुपैयाको दरले खर्च गर्ने,

ख) मध्यपश्चिम विश्वविद्यालय, एनसेट नेपाल र नगरपालिकाको संयुक्त आयोजनामा रेट्रोफिटिंग सम्बन्धी कार्य र तालीम (३२ जनाको लागि) सञ्चालनमा छ लाख रुपैया,

ग) नगरपालिकाले सरसफाई तथा मापदण्ड बमोजिमका अन्य कार्य गर्ने गरी चौध लाख रुपैया।

**निर्णय नं. १०:** वीरेन्द्रनगर नगरपालिकाको पाँचौ नगर सभाको अधिवेशन यही मिति २०७६ असार १० गते दिनको १:०० बजे जिल्ला समन्वय समितिको सभाहलमा आव्हान बस्ने गरी गर्ने।

**निर्णय नं. ११:** यस नगरपालिकाको वडा नम्बर २ मा वडा सचिव पदमा कार्यरत नायब सुब्बा नारायणदेव गिरीको मिति २०७६।२।३० गते बिहिवार असामहिक निधन भएकोमा शोक प्रस्ताव पारित गरी तेह्रौं दिनको पुण्य तिथिमा नगरपालिकामा श्रद्धान्जली सभा आयोजना गर्ने।

टिकाराम [illegible]काल
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner